मिति : २०८०/०८/१०, कापा बैठक संख्या:१२-०८०/८१

प्रस्तावहरु

१२.१ नगर प्रहरी पदपुर्ति तथा व्यवस्थापन कार्यविधि,२०८० स्विकृत तथा नगर प्रहरी भर्ना सम्बन्धमा ।

१२.२ निर्माण व्यवसायीहरुलाई कालो सूचिमा सिफारिस गर्ने सम्बन्धमा ।

१२.३ एम्वुलेन्स खरीदका लागि अग्रिम भुक्तानी सम्वन्धमा ।

१२.४ विभिन्न कार्यविधिहरु तथा मापदण्ड स्विकृत सम्वन्धमा ।

१२.५ विविध

निर्णयहरु

**१२.१ नगर प्रहरी पदपुर्ति तथा व्यवस्थापन कार्यविधि,२०८० स्विकृत तथा नगर प्रहरी भर्ना सम्बन्धमा**

कार्यपालिकाको मिति २०८०/०५/१५ गतेको चौथौ बैठकबाट गाउँपालिका उपाध्यक्ष मौसमी थापा मगरको संयोजकत्वमा गठित ६ (छ) सदस्यिय कार्यादलबाट प्रारम्भिक मस्यौदा तयार पारी मिति २०८०/०६/११ गतेको ११ औ बैठकमा मस्यौदा पेश भएकोमा छलफल पश्चात उक्त कार्यविधि स्विकृत गरी गाउँसभाबाट स्विकृत संगठन संरचना र दरबन्दी तेरिज बमोजिम नगर प्रहरी भर्ना प्रकृया अगाडी बढाउने ।

**१२.२ निर्माण व्यवसायीलाई कालो सूचिमा सिफारिस गर्ने सम्वन्धमा**

आ.व. २०७८/७९ को ठेक्का नं. KRM/ WORKS /02/078/79 र आ.व.२०७९/८० को ठेक्का नं. KRM/ WORK/NCB/02/079/80 का आयोजनाहरु Consturuction Of Bagahi Road to Bajbajaha Dayanagar Blacktop Road at Kanchan Ward no2 र Consturuction Of Harnachaur to Mangolian Chaok Blacktop Road का लागि Samriddhi Yashasvi construction pvt.ltd Kathmandu-10 सँग क्रमशः मिति २०७८/०८/२७ र २०७९/११/१० मा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेकोमा पटक—पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समैत कार्य प्रगति अगाडी नबढेको, उक्त सम्झौताको म्याद थप समेत नहुँदा विगत लामो समय देखि योजना अलपत्र परेको हुँदा कार्वाही गर्ने प्रकृया अगाडि बढाउनका लागि निजलाई ठेक्का सम्झौता अन्त्य गरी कालो सूचिमा राख्नको लागि सिफारिस गर्न नपर्ने कुनै आधार र प्रमाण भए स्पष्टिकरण पेश गर्नको लागि अन्तिम पटक मौका दिई मिति २०८० कार्तिक २० गतेको कार्यपालिकाको निर्णय बमोजिम १५ दिनको समय सिमा तोकी मेचिकाली राष्ट्रिय दैनिकको मिति २०८० कार्तिक २२ गते सूचना प्रकाशन भएको,

हाल सम्म पनि सम्वद्ध निर्माण व्यवसायीबाट चित्त बुझ्दो कारण सहितको स्पष्टिकरण लगायत कुनै पनि लिखित तथा मौखिकरुपमा सम्पर्कमा समेत नआएको र स्थानीय एवं सरोकारवालाहरुबाट पटक-पटक उक्त योजनाको सम्वन्धमा ध्यानाकर्षण समेत गराउने कार्य भएको र आयोजनाबाट सर्वसाधरणमा सेवा प्रतिको सेवाभावमा समेत नकारात्मक असर परेको साथै उक्त निर्माण व्यवसायीबाट उक्त योजना सम्पादन हुने कुनै आधार र प्रमाण समेत नदेखिएको हुँदा मुल्यांकन समितिको मिति २०८० साल मंसिर ०८ गते शुक्रबारको निर्णय समेतका आधारमा

निजको कृषि विकास बैल लि.को नाममा रहेको बैंक जमानतहरु जफतका लागि पत्राचार गरी ठेक्का सम्झौता अन्त्य गर्ने तथा उक्त निर्माण व्यवसायीलाई नियमानुसार कालो सूचिमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाण्डौमा सिफारिस गरी पठाउने ।

बाँकी काम गराउने प्रयोजनार्थ उक्त निर्माण व्यवसायीका नाममा रहेका सम्पुर्ण धरौटी रकमहरु समेत रोक्का गर्ने ।

१२.३ एम्बुलेन्स खरिदका लागि अग्रिम भुक्तानी सम्वन्धमा:

राजश्व छुटमा ख वर्गको एम्बुलेन्स खरिद कार्यका लागि कञ्चन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कञ्चन-०२, बेउरी, रुपन्देही र अग्नी इन्कर्पोरेटड प्रा.लि., पानी पोखरी-०३, काठमाण्डौ बिच प्रति थान मुल्य र १८,७५,७१८/- ( अक्षरुपी अठार लाख पचहत्तर हजार सात सय अठार रुपैया /-), Clearing and Forwarding Charges रु १,१३,००० /-(अक्षरुपी एक लाख तेह्र हजार मात्र/-) १ प्रतिशत भन्सार महसुर र प्रज्ञापन पत्र शुल्क रु १९,३८२/-( उन्नाइस हजार तीन सय बयासी मात्र/-) गरी जम्मा रुकम रु २०,०८,१००/- (अक्षरुपी बिस लाख आठ हजार एक सय रुपैया मात्र/-) मा उपलब्ध गराउने गरी सम्झौता भएकोमा उक्त कम्पनिले कर छुटमा एम्बुलेन्स उपलब्ध हुन अग्रिम भुक्तानी माग गरि मिति २०८० साल मंसिर ०७ गते निवेदन पेश गरेको र अन्यत्र स्थानीय तहहहरुमा समेत अग्रिम भुक्तानी गरेको नजिरहरुलाई समेत मध्यनजर गर्दै उक्त कम्पनीलाई बैंक ग्यारेणटी नभए पनि यसासक्य सम्झौता बमोजिमको रकम अग्रिम भुक्तानी गरी एम्बुलेन्स आपुर्तिका लागि अनुरोध गर्ने ।

१२.४ विभिन्न कार्यविधि तथा मापदण्ड स्विकृत सम्वन्धमा:

**(क) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० स्विकृत सम्वन्धमा:**

मिति २०८०/०७/२० गतेको कार्यपालिका बैठकमा पेश भएको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को प्रारम्भिक मस्यौदामा छलफल हुँदा उठेका तथ्यहरु समावेश भई आएको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० लाई स्विकृत गर्ने ।

**(ख)** सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० र निजि बन विकास कार्यविधि,२०८० सम्वन्धमा:

मिति २०८० साल कार्तिक २० गते गाउँपालिका उपाध्यक्ष श्री मौसमी थापा मगरको संयोजकत्वमा गठित ७ (सात) सदस्यिय कार्यदलबाट प्राप्त प्रारम्भिक मस्यौदामाथि आवश्यक छलफल भई थप अध्ययान पश्चात अर्को बैठकमा पेश गर्ने ।

(ग) योजना सम्झौता सम्वन्धमा:

आ.व. २०८०/८१ को वार्षिक स्विकृत नीति तथा कार्यक्रम र बजेट अनुसार ५ (पाँच) वटै वडाहरुमा उपभोक्ता समितिहरुलाई अभिमुखिकरण कार्यक्रम समेत सम्पन्न भई योजना सम्झौताका लागि मिति २०८०

साल कार्तिक २० गते २४ देखि सम्म योजना सम्वन्धी घुम्ति शिविर समेत सञ्चालन भएकोमा करिव २० प्रतिशत उपभोक्ता समितिहरुबाट मात्र योजना सम्झौता भएकोमा गुणस्तरियता र समय अभावका कारण समयमै कार्य अगाडि नबढाएमा तोकिएको समययावधि भित्र योजना सम्पन्न गर्न र भुक्तानीको प्रकृया अगाडि बढाउन प्राविधिक जटिलता हुने हुँदा मिति २०८० साल मंसिर मसान्त भित्रको समय सिमा तोकी उपभोक्ता समितिहरुलाई योजना सम्झौता गर्नका लागि पुनः सूचना प्रकाशन गर्ने र उक्त समयावधिमा पनि योजना सम्झौता नभएमा उपभोक्ता समितिबाट हुने योजनाहरु आगामी गाउँसभाको हिउदे अधिवेशनबाट रकमान्तर गर्ने।

**(घ)आन्तरिक नियन्त्रण कार्यविधि,२०८० र सेवा प्रवाह मापदण्ड,२०८० को स्विकृति सम्वन्धमाः**

कार्यापालिकाको ११ बैठकमा पेश भएको प्रारम्भिक मस्यौदामाथि भएको छलफल उठेका कुराहरु समेत समावेश गरी पेश भएको आन्तरिक नियन्त्रण कार्यविधि,२०८० र सेवा प्रवाह मापदण्ड,२०८० को अन्तिम प्रतिवेदन स्विकृत गरी सेवा प्रदायक संस्था आरम्भ कन्सल्टिङ्ग प्रा.लि, रुपन्देहीलाई भुक्तानी दिने ।

**(ङ) भुक्तानी सम्वन्धमाः**

रुद्रपुर युवा क्लबको मिति २०८०/०७/१४ को पत्र अनुसार वार्षिक उत्सवको अवसरमा खेलकुद कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्तावना समेतका रुद्रपुर युवा क्लब, कञ्चन-०४,छपाली टोललाई गाउँपालिकाको आ.व.२०८०/८१ स्विकृत वार्षिक कार्यक्रमको व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी (खर्च शिर्षक नं.२७१११ सि.नु.१५७) शिर्षकबाट लागत साझेदारीमा गाउँपालिकाको रु ५०,०००/-(अक्षरुपी पचास हजार मात्र/-) बेहोर्ने गरी प्रस्तावना स्विकृत गरी नियमानुसार भुक्तानी दिने ।

**(च) कार्यादल गठन सम्वन्धमाः**

कञ्चन गाउँपालिका रोजगार सेवा केन्द्रका लागि कञ्चन गाउँपालिकाको रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० र रोजगार रणनिति तयार पार्ने प्रयोजनका लागि देहाय बमोजिमको ६ (छ) सदस्यिय कार्यदल गठन गर्ने ।

<u>देहायः</u>

कञ्चन गाउँपालिकाको रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० र रोजगार रणनिति तयारी कार्यदल

(क) आर्थिक विकास समितिका संयोजक- संयोजक

(ख) सामाजिक विकास समिति संयोजक- सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ङ) प्रशासन शाखा प्रमुख — सदस्य

(च) रोजगार संयोजक-सदस्य सचिव

कार्यदलमा आवश्यकता अनुसार विषयविज्ञ र अन्य कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

अन्त्यमा, उपस्थित सबैलाई धन्यवाद दिँदै गाउँपालिका अध्यक्षज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका